नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np


प.सं.

मितिः २०७८ मङ्सिर १० गते


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


# नेपाल बार एशोसिएशनद्वारा जारी गरिएको विज्ञप्ती

नेपाल बार एशोसिएशनद्वारा बिगत एक महिनादेखि प्रधान न्यायाधीशको राजीनामा माग गरि जारी आन्दोलनमा सक्रीय सहभागिता जनाई सहयोग पुर्‍याउनु भएकोमा सम्पूर्ण कानून व्यवसायीज्यूहरुलाई हार्दिक धन्यबाद दिँदै आगामी कार्यक्रममा थप सक्रिय सहभागिता जनाउनु हुन समेत अनुरोध गर्दछौं ।

नेपाल बार एशोसिएशनद्वारा विगत ५ वर्षदेखि गोला प्रणालीमार्फत इजलास गठन र पेशी सूची प्रकाशनको माग गरि आएको सन्दर्भमा माननीय न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको समितिको प्रतिबेदनमा पनि सो लागू गर्नु पर्ने सुझाव दिईएको र नेबाएले उक्त प्रतिबेदन लागू गर्न निरन्तर ध्यानाकर्षण र आन्दोलन गरि आएको फलस्वरुप सर्वोच्च अदालत फूलकोर्टबाट सर्वोच्च अदालत नियमावली संशोधन गरि सर्वोच्च अदालतमा गोला प्रणाली लागू गर्न लागिएको कार्यको हामी स्वागत गर्दछौं । नेबाएको चासो र सरोकार यतीमात्र नभई उक्त प्रतिवेदनको सम्पूर्ण कार्यान्वयन गराउने, संविधान संशोधनमार्फत न्यायपालिकामा भईरहेको राजनीतिक हस्तक्षेप नियन्त्रण गर्ने, व्यवसायिक र मर्यादित बार बनाउने लगायत समग्र न्यायपालिकाको सुद्धिकरण र सुदृढीकरणसँग सम्बन्धित रहेको छ । तसर्थ गोला प्रणाली लागू भएकै कारणले हाम्रो अभियान विसर्जन हुँदैन, निरन्तर जारी रहनेछ । गोला प्रणाली सर्वोच्च अदालतमा मात्र होईन सम्पूर्ण उच्च अदालत र जिल्ला अदालतमा पनि अविलम्ब लागू गरिनु पर्छ सोका लागि सर्वोच्च अदालतबाट मिति २०७८/०४/१७ मा विज्ञप्ती प्रकाशित गरि २०७८/०८/०१ गतेदेखि जिल्ला र उच्च अदालतहरुमा गोला प्रणाली लागू गर्ने सम्बन्धित अदालत र सरोकारवालाहरुलाई जानकारी समेत गराई सकिएकोमा हालसम्म पनि सोको कार्यान्वयन नभएको हुँदा जिल्ला र उच्च अदालत नियमावली तत्काल संशोधन गरि लागू गराउन जोड्दार माग गर्दछौं । साथै **सर्वोच्च अदालतमा गोला प्रणाली लागू गर्दा प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर राणा बाहेकको इजलास गठन गर्न र इजलास गठन भएमा प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर राणा संलग्न ईजलासमा नबस्न माननीय न्यायाधीशज्यूहरुसँग र सो ईजलासमा बहस पैरवी नगर्न सम्पूर्ण कानून व्यवसायीज्यूहरुलाई हार्दिक अनुरोध पनि गर्दछौं ।** केहि मिडिया र सामाजिक सञ्जालहरुमा नेबाएका वर्तमान र पूर्व पदाधिकारीहरुका विरुद्ध अप्रमाणित कुराहरु लेखि अपमानजनक कार्य गरेको कार्यप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । कानून व्यवसायी मित्रहरुलाई यस्ता गतिविधिमा संलग्न नभई नेपाल बार र कानून व्यवसायीहरुको समग्र मर्यादा र व्यवसायिकता प्रदर्शन गर्न समेत हार्दिक अनुरोध गर्दछौं ।

यहाँको निरन्तर सहयोग र सद्भावका लागि हार्दिक धन्यबाद ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव